# निर्णय

**निर्णय नं. १ : सार्वजनिक खरिद नियमावली २०७५ स्वीकृत गर्ने सम्वन्धमा**

प्रस्ताव नं. १ उपर छलफल गर्दा तिलागुफा नगरपालिकाको सार्बजनिक खरिद नियमावली २०६५ मा भएको भाषगत शुध्दाशुध्दी र नगरपालिकाका अनुकुल नभएका प्रावधानहरु समेतलाई सार्बजनीक खरिद ऐनको विपरित नहुने गरी आवश्यक संसोधन र परिर्माजन गरेर अन्तिम रुप दिन देहाय बमोजिम एक कार्यदल गठन गर्ने । उक्त कार्यदलले अन्तिमरुप दिएको नियमावलीलाई नगरकार्यपालिकाबाट स्वीकृत प्रदान गरेको मानिने।

**संयोजक :** उद्धबप्रसाद रिजाल, प्रमुख प्रशासकीय अधिकृत
**सदस्य** : दलसुर बोहरा, वडा अध्यक्ष, वडा नं २
**सदस्य :** मुन बहादुर थापा, वडा अध्यक्ष, वडा नं. १०
**सदस्य :** माया जिसि, नगरपालिका सदस्य
**सदस्य** : गणेश बहादुर बुढा, शिक्षा शाखा

**निर्णय नं. २ : नगरस्तरीय राष्ट्रपति रनिंगसिल्ड प्रतियोगिताको कार्यक्रम र खर्च स्विीकृत सम्वन्धमा**

पस्ताव नं. २ उपर छलफल गर्दा स्थानीय तह रष्ट्रपति रनिङ्गसिल्ड प्रतियोगिता संचालन गर्न पेश भएको रु ६७२,५०० को कार्यक्रम प्रस्ताव स्वीकृत गर्ने, उक्त प्रस्ताव बमोजिम लाग्ने खर्च मध्ये नपुग र्खच रु ६००,००० चालु तर्फको भैपरि आउने खर्च ब.र.नं. २८९११ बाट घटाइ ब.र.न विविध कार्यक्रममा थप गरेर खर्च लेख्न स्वीकृति प्रदान गर्ने ।

**निणंय नं. ३ : अपांग परिचयपत्र वितरण कार्यविधि २०७५ स्वीकृत सम्वन्धमा**

प्रस्ताव नं.३ उपर छलफल गर्दा पेश भए बमोजिम अपाङ्ग परिचयपत्र वितरण कार्यविधि २०७५ स्वीकृत गर्ने ।

**निर्णय नं. ४ : ९५० कि.वा.रुरु बन्चु फुलवारी लघु जलविद्युत्त आयोजनाको अनुमति सम्वन्धमा**

प्रस्ताव नं. ४ उपर छलफल गर्दा ९५० कि.वा. गर्न रुरु बन्चु फुलवारी लघु जलविद्युत्त आयोजना संचालनको चरणमा नगरपालिकाबाट डिपिआर तयार गरी बार्षिक बजेट समेत छुट्टयाईएको अवस्थामा विद्युत विकास विभागले मिति ०७५/१२/२८ मा technical clearance दिन नमिल्ने भनी गरेको निर्णय तत्काल फिर्ता लिई नगरपालिकाले गरेको डिपिआर बमोजिम कार्य अघि बढाउन मार्ग प्रस्ताब गरियोस भनी नेपाल सरकास उर्जा, जलश्रोत तथा सिंचाई मन्त्रालय समक्ष जोडदार माग गर्ने ।

**निर्णय नं. ५ : शैक्षिक सत्र २०७५ मा विद्यालयलाई थप कक्षा संचालन अनुमती दिने सम्वन्धमा**

प्रस्ताव नं. ५ उपर छलफल गर्दा यस नगर कार्यपालिकाले गठन गरेको अनुगमन समितिको प्रतिवेदन र नगर शिक्षा समितिको सिफारिसका आधारमा देहायका विद्यालयहरुलाई शैक्षिक सत्र २०७५ देखि कक्षा थप गर्न अनुमति प्रदान गर्ने

(१) श्री राष्ट्रिय आधारभूत विद्यालय वडा नं. ११ ढिम्नियालाई कक्षा ९

(२) श्री भागिरथी आधारभूत विद्यालय वडा नं. ९ हुस्केलाई कक्षा ४

**निर्णय नं. ६ विपद् जोखिम ठाँउहरुको अध्ययन गरी प्रतिवेदन तयार गर्न कार्यदल गठन सम्वन्धमा**

पस्ताव नं. ६ उपर छलफल गर्दा भौगोलिक र भौगर्भिक हिसावले जोखिममा रहेका नगरक्षेत्रका वस्तीहरु स्थान्नतरण गर्न देहाय बमोजिमको समिति १५ दिन भित्र गठन गर्ने ।

| | |
|---|---|
| क) नगर प्रमुख वा निजले तोकेको पदाधिकारी | संयोजक |
| ख) नगर उपप्रमुख | सदस्य |
| ग) प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| घ) शाखा प्रमुख, भौतिक पूर्वाधार | सदस्य |
| ङ) शाखा प्रमुख, योजना शाखा | सदस्य |
| च) सम्बन्धित वडाका वडाध्यक्ष | सदस्य |
| छ) शाखा प्रमुख, प्रशासन शाखा | सदस्य सचिव |

**निर्णय नं. ७**

यस नगरपालिका अन्तर्गत स्वास्थ्य चौकी राँचुलीका नाममा एम्बुलेन्स खरिद गर्दा लाग्ने राजस्व छुट हुने भनी जिल्ला प्रशासन कार्यालय कालीकोट र जिल्ला स्वास्थ्य कार्यालय कालीकोटबाट सिफारिस भैसकेकोमा उक्त एम्बुलेन्स तिलागुफा नगरपालिकाको नाममा खरिद गर्ने प्रकृया अघि बढेकाले राजस्व छुटको लागि नगरपालिकाका तर्फबाट अनुरोध गर्ने ।

**निर्णय नं. ८ : करार सेवा शुल्कमा नपुग रकम रकमान्तर सम्बन्धमा**

प्रस्ताव नं. ७ उपर छलफल हुदा चालु बजेट तर्जुमाका बखत दरबन्दी अनुसार स्थायी कर्मचारी समायोजन तथा नियुक्ति भै आउने भनी दरबन्दी अनुसार नै हुने आउने तलब रकम रु १२,४४०,२२०।- छुट्याइएकोमा स्थायी कर्मचारी खटि नआएका र अस्थायी तथा करारका कर्मचारीहरु समेत समायोजन भै आएकाले व.र.नं. २२४१३ करार सेवा शुल्कमा छुट्याइएको रकम रु ४६३१२६० ले फाल्गुन मसान्तसम्म मात्र धानेकाले चालु आ.व.का लागि थप आवश्यक पर्ने करार सेवा शुल्क रकम रु २,१००,०००।- व.र.नं. २११११ तलव कर्मचारी शीर्षकबाट घटाई व.र.नं. २२४१३ करार सेवा शुल्कमा थप गर्न स्वीकृती प्रदान गर्ने ।

**निर्णय नं. ९ : आर्थिक सहयाता सम्बन्धमा**

प्रस्ताव नं. ९ उपर छलफल गर्दा यस नगरपालिका अर्न्तगत बडा नं. ९ निबासी श्री छिता दमाई को श्रीमान कालु दमाईको दुबै मृगौला फेल भई उपचारका लागि काठमाणडौ जानुपर्ने भएकाले

आर्थिक अवस्था कमजोर भएका निजलाई उपचारका लागि काठमाणडौसम्म जानका लागि भाडा खर्चमा सहयोग पुगोस भनि यस नगर कार्यपालिकाको बैठकमा आज उपस्थित सम्पूर्ण सदस्यहरुले नगरपालिकाबाट बैठक भत्ता बापत पाउने रकम निज बिरामिलाई एक मुष्ट रुपमा प्रदान गर्ने ।

**निर्णय नं. १० : साझेदार संस्थासंग सम्झौता गर्ने सम्बन्धमा**

प्रस्ताव नं. १० माथि छलफल हुदा यस नगरपालिकाका संग सहकार्य गरी विभिन्न तालिम र क्षमता विकासको कार्य गने ईच्छुक देहायका संस्थाहरुसंग आपसी सम्झौता गर्न स्वीकृत प्रदान गर्ने तथा उक्त सम्झौतमा हस्ताक्षर गर्न नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृतलाई अख्तियारी प्रदान गर्ने ।

१) भिडिसेफ नेपाल

२) मड्पा कार्यक्रम (गरिवि निबारणका लागि लघुउद्यम कार्यक्रम)

३) पहुच (Child Sensitive Social Protection) परियोजना

**निर्णय नं. ११ : अन्तर पालिका सडकको ट्र्याक जोड्ने सम्बन्धमा**

माहाबै गाँउपालिकाको वडा नं. १ संग जोडिएको यस नगरपालिकाको वडा नं. ११ को तारेचाका देखि सिमाना सम्म जोड्न बाँकी रहेको सडकको नयाँ ट्र्याक खोल्नका लागि वार्षिक योजनमा कार्यक्रम नरहेकोले आ.व. ७५/७६ का लागि सडकबोर्ड तर्फ विनियोजन गरिएको समपूरक रकम रु २०,००,०००। रकम मध्येबाट रु ६००,००० झिकि उक्त ट्र्याक खोल्न नयाँ आयोजना थप गर्ने ।